## प्रभावितहरूको सहभागितामा शक्ति समुहको आयोजना तथा एटविनको सहआयोजनामा मानव बेचबिखनबाट प्रभावित महिलाहरूको चौथो राष्ट्रिय भेला कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्षको मन्तव्य

**आजको यस कार्यक्रमका अध्यक्ष महोदय, नेपाल सरकार परराष्ट्र मन्त्रालयका सहसचिव भरत पौडेलज्यू, कृष्ण भूसालज्यू, अञ्जना शाक्यज्यू,भगवती नेपालज्यू लगायत सम्पूर्ण विशिष्ट व्यक्तित्वहरू,**

मानव बेचविखनका प्रभावितहरूको सहभागितामा शक्ति समुहको आयोजना तथा एटविनको सहआयोजनामा मानव बेचबिखनबाट प्रभावित महिलाहरूको चौथो राष्ट्रिय भेला कार्यक्रममा मलाई आमन्त्रण गरी मेरा केही भनाइहरू राख्ने मौका दिनुभएकोमा म आयोजकलाई धन्यवाद दिन चाहन्छु ।

घोषणपत्र र प्रभावितहरूको राष्ट्रिय सञ्जाल पनि गठन भएको घोषणालाई आयोगले गम्भीरता पूर्वक लिनेछ । यसलाई कार्यान्वयन गर्ने तर्फ तपाईहरूका साथै दिदिबहिनीहरू हिनतावेधबाट मुक्त हुनुहोस् । नेतृत्वदायी भूमिकामा अघि बढ्नुहोस् हाम्रो साथ सदा रहनेछ । शक्ति समुहले शक्ति प्रदान गरोस् । महिलालाई वस्तुको रुपमा न हेरी मानवको रुपमा कसरी नहेरेको होला । आज पञ्चायत ढलेको ३० वर्ष भयो । यतिवर्ष भित्र पनि किन महिलाहरू नेतृत्वदायी बन्न सकेनन् ? सवाल पक्कै पनि विचारणीय छ । आजको यस कार्यक्रममा महिलाहरूको सहभागिता देख्दा खुसी मात्र होइन, गौरव पनि लागेकोछ । महिलाहरूको सबलीकरण नभई देशको विकास असम्भव छ । म सम्पूर्ण महिलाहरूलाई नमन गर्दछु । यस्तै सक्रियता संधै सबल रुपमा अगाडि रहोस् । म कल्पना गर्दछु , संविधानमा मात्र सहभागिता समावेशीको

नारा सीमित नहोस्, वास्तविकतामा परिणत होस् । महिला प्रधानमन्त्री, महिला गृहमन्त्री, महिला परराष्ट्रमन्त्री, काठमाडौ महानगरपालिकाको मेयर महिला लक्षित तर्फ मेरो यो सपना र कल्पना कहिले कार्यान्वयन होला ! महिलाले परिवारलाई सम्हालेको हुन्छ, देश कसरी सम्हाल्न नसक्ने ? उत्तर खोजौं ।

मानव बेचबिखन व्यक्ति विरुद्ध हुने एक अपराध मात्र नभई यो मानव अधिकार र मानव मर्यादा तथा मानिसको स्वतन्त्रतापुर्वक बाँच्न पाउने अधिकारको गम्भीर हनन् तथा उल्लंघन् हो । नेपाल मानव अधिकार सम्बन्धी बिभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्षराष्ट्र हो । पक्षराष्ट्र भए पश्चात ती सन्धि सम्झौतामा रहेका मानव अधिकार सम्बन्धी प्रावधानहरूलाई निर्वाध रुपमा नागरिकले उपभोग गर्ने, गराउने दायित्व राज्यको हो । सोही बमोजिम नेपालको संविधान अनुसार ती प्रावधानहरूको सुनिश्चितता गर्न संघ, प्रदेश र स्थानीय तह सबैको जिम्मेवारी पनि हो ।

मानव बेचविखन बाह्य रुपमा मात्र नभई देशभित्र हुने आन्तरिक बेचविखनको विषय पनि त्यत्तिकै गम्भीर रुपमा रहेको छ । नेपालबाट भारत र चीन बाहेकका अन्य प्रतिबन्धित मुलुकहरूमा समेत मानवबेचविखनको अवस्था भयावह देखिन्छ । खुला सीमाना, कमजोर र परम्परागत सीमा अनुगमन, नेपाल भारत सहकार्य र समन्वयको औपचारिक प्रणालीको अभावले नेपाल भारत मानव बेचबिखन विषयमा केही गैरसरकारी संस्थाहरूले काम गरेता पनि समस्या समाधानार्थ पर्याप्त दिगो समाधानलाई सम्बोधन हुन नसकेको अवस्था छ ।

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो स्थापनाकालदेखि हालसम्म ४ ओटा रणनीतिक योजनाहरूको निर्माण गरिसकेको छ र हाल पाँचौ रणनीतिक योजनामा क्रियाशील रहिरहेको अवस्थामा लैङ्गिक समानता, मानव बेचविखन विरूद्धको कार्य र यसका रोकाथामको विषयलाई उच्च प्राथमिकतामा राखी नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ ।

आयोगले २०६२ साल देखि नेपालमा मानव बेचविखनको अवस्था सम्बन्धमा अध्ययन गरी राष्ट्रिय प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । सोही अनुरूप यस वर्ष पनि मानव बेचबिखनको अवस्था, घटनाहरू, जोखिम, राज्यका निकायहरूबाट भइरहेका

पहलहरू, समग्र नागरिक समाज तथा संघ-संस्थाहरूले गरेको प्रयास, सरकारको नीति तथा कार्यक्रमहरूका सबल र कमजोर पक्षहरूलाई समेटी आयोगले प्रतिवेदन सार्वजनिक गरेको छ । नेपाल प्रहरीले उपलब्ध गराएको तथ्यांङ्क अनुसार नेपालमा वार्षिक २०० देखि ३०० जनासम्म बेचबिखनमा परेको उजूरी प्रहरी समक्ष परेको देखिन्छ । आयोगले ४३ जिल्लाका प्रहरी कार्यालयरूमा मानव बेचबिखन सम्बन्धमा प्रश्नावली मार्फत जानकारी संकलन गरेको थियो । जस अनुसार ४१ ओटा जिल्लाबाट मानिसहरू बेचबिखनमा परेको जानकारी आयोगलाई प्राप्त भएको थियो ।

नेपालमा दासदासी प्रथाको अन्त्य  ४ दशक पहिलेदेखि भएता पनि बदलिंदो समयक्रमसँग फरक-फरक शैलीमा विश्वकै हतियार आपूर्ति पछिको सबैभन्दा बलियो आर्थिक अर्थोपार्जन गर्ने महत्वपूर्ण व्यापारको रूपमा मानव बेचविखन देखिएको छ ।

मानव बेचबिखनको विषय एक्लो देशले समाधान गर्छु भनेर हुँदैन । यसमा सीमाक्षेत्रमा रहेका मित्रराष्ट्रहरूको सहयोग र समन्वय र साथको आवश्यकता पर्दछ । यो विषयमा हाम्रा कुटनीतिक नियोगहरूको समेत महत्वपूर्ण भूमिका रहन्छ । प्रभावितहरूको मानव अधिकार संरक्षणमा अन्य राष्ट्रका भगिनी संस्थाहरू (Sister Organization), नागरिक समाज सबै सहितको सञ्जालको पनि आवश्यक र सहयोग हुनुपर्दछ ।

हामीले दुई देश तथा बहुदेश बिच सहमति पत्र, MOU गरेर जान पनि  सकिन्छ । मानव अधिकार आयोगहरूको राष्ट्रिय संस्थाहरू (NHRI ) बिच सहमति पत्र, MOU गर्न सकिन्छ । हामीले कतार र  कोरियाको मानव अधिकार आयोगहरूसँग आप्रवासी कामदारहरूको मानव अधिकार विषयमा सहमति पत्र, MOU पनि गरेर कार्य गरिरहेका छौ । यसै विषयमा आगामी नोभेम्बरमा अन्तर्राष्ट्रिय सम्मेलन गर्ने तयारी पनि गरेका छौ । यस सम्मेलनमा आप्रवासन भित्र मानव बेचबिखनको अवस्था विषयमा विश्लेषण पनि गरिनेछ ।

सरकार, राजनीतिक दल, नागरिक समाज, संघसंस्था, राष्ट्रिय मानव अधिकार आयोग सबैको सहकार्यबाट मानव बेचबिखनलाई न्यूनीकरण र अन्त्यका लागि पहल गर्न सकिन्छ । साथै मानव बेचबिखनमा परेका प्रभावितहरूको लागि न्यायमा पहुँच,

पुनर्स्थापन, प्रभावित महिला, पुरुष तथा बालबालिकाहरूको मानव अधिकार संरक्षणका लागि राज्यले प्रर्याप्त बजेट, नीति तथा कार्यक्रम, योजना ल्याएर प्रभावकारी रुपमा त्यसको कार्यान्वयन गर्न सक्छ । नेपाल सरकारको तर्फबाट प्रयासहरू भईनै रहेको छ तर पनि मानव बेचबिखनको जोखिम घट्नुको साटो विभिन्न स्वरुपहरूमा बदलिंदै आएको छ । सरकारबाट भएका सकारात्मक पहलहरूलाई अझ बढी प्रभावितमैत्री बनाउनुपर्ने र प्रभावितहरूको न्यायमा सहज र सुरक्षित पहुँच बृद्धि, पारिवारिक पुनर्मिलन, समाजमा पुनर्स्थापन, आवश्यकता अनुसार उद्धार, कानूनी सहायता तथा मनोसामाजिक परामर्श, सुरक्षा व्यवस्था, गोपनियतालाई प्राथमिकतामा राखी प्रभावितहरूको मानव अधिकार संरक्षणका लागि सरकार, नागरिक समाज संघ संस्था, राष्ट्रिय संजाल, राष्ट्रिय मानव अधिकार आयोग लगायत सबैको प्रयास हुनुपर्दछ र सबै विच समन्वय तथा सहकार्य पनि हुनु जरुरी रहेको छ । आउनुहोस् मानव बेचबिखनलाई समाप्त पार्न हातेमालो गरौं ।

‼ धन्यवाद ‼

*२०७६ साल भदौ १९ गते, ललितपुर*